बैठक मिति : २०७७/२/२७
बैठक संख्या : २९

छलफल तथा निर्णय

१. राष्ट्रिय योजना आयोगले तयार गरेको प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति, २०७७-२०७७ लाई नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने प्रयोजनार्थ स्वीकृति प्रदान गर्ने।
२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट बहुवर्षीय ठेक्का सहमतिका लागि प्राप्त हुन आएको ब.उ.शी.नं ३३७०१११८ को उत्तर दक्षिण लोकमार्ग आयोजना अन्तर्गत 'कोशी कोरिडोरको खाँदबारी-दोभान खण्ड सडक आयोजना' लाई बहुवर्षीय आयोजनाको रुपमा अघि बढाउन सहमति प्रदान गर्ने।
३. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट बहुवर्षीय ठेक्का सहमतिका लागि प्राप्त हुन आएको ब.उ.शी.नं ३०८०३११५ को 'प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना' र ब.उ.शी.नं ३०८०३१२५ को बृहत दाङ उपत्यका सिंचाइ आयोजना अन्तर्गत 'तुल्सीपुर घोराही डिप ट्यूवेल आयोजना' लाई बहुवर्षीय आयोजनाको रुपमा अघि बढाउन सहमति प्रदान गर्ने।
४. नेपाल सरकारको आगामी आ.ब. २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित विषयहरु समेटी आर्थिक वर्ष २०७७/७८ को राष्ट्रिय योजना आयोगको वार्षिक कार्ययोजना तर्जुमाका सम्बन्धमा छलफल भयो। सबै महाशाखाहरु तथा केन्द्रीय तथ्याङ्क विभागले ३ दिन भित्र तोकिएको ढाँचामा तयार गरी सुशासन तथा सामाजिक विकास महाशाखामा बुझाउने र आगामी बैठकमा पेश गर्ने।
५. कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असर तथा प्रभाव सम्बन्धी अध्ययनको सन्दर्भमा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षहरु श्री पृथ्वीराज लिगल, डा. शंकर शर्मा, डा. जगदिशचन्द्र पोखरेल, डा. दिनेशचन्द्र देवकोटा, डा. स्वर्णीम वाग्ले, सार्वजनिक खर्च पुनरावलोकन आयोगका पूर्व अध्यक्ष डा. डिल्लिराज खनाल र सम्माननीय प्रधानमन्त्रीका आर्थिक विकास सल्लाहकार श्री लाल शंकर घिमिरेबाट समयसमयमा आवश्यक सल्लाह सुझाव प्राप्त गर्ने ।
६. चालु आ.व. २०७६/७७ को लागि संघ सरकारबाट स्थानीय तहहरुलाई प्रदान गरिएको समपुरक र विशेष अनुदान तर्फका आयोजनाहरु कोभिड १९-विश्व महामारीको रोकथाम एवम् नियन्त्रणका लागि भैरहेको बन्दाबन्दीको कारण निर्माण कार्य स्थगित हुनगई चालु आ.व. मा सम्पन्न गर्न नसकिने देखिएकोले आगामी आ.व.मा खर्च गर्न सक्ने गरी कार्यान्वयनको म्याद थप वा स्रोत सुनिश्चितताको व्यवस्था गरिदिने सम्बन्धमा गाउँपालिका राष्ट्रिय महासंघ नेपालले राष्ट्रिय योजना आयोगलाई गरेको अनुरोधको सम्बन्धमा आयोगमा जानकारी गराइयो ।
७. राष्ट्रिय योजना आयोगबाट चालु आ.व. मा गरिएको 'विशेष आर्थिक क्षेत्र भैरहवा' को आन्तरिक मूल्याङ्कन प्रतिवेदन प्रस्तुति एवम् छलफल भयो।
८. स्वतन्त्रता मञ्चले गरेको 'नेपालको खुला बजेट सर्वेक्षण -२०१९' प्रतिवेदन तथा त्यस प्रतिवेदनले दिएका सुझावहरुका सम्बन्धमा आयोगमा जानकारी गराइयो ।